## कानेपोखरी गाउँपालिकाको गाउँसभा २१ औं अधिवेशनको पहिलो बैठकको निर्णय

**निर्णय नं.(१)**

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा आ.व.२०८३।८४ को आय र व्यव अनुमान सम्बन्धमा ९७ औं गाउँ कार्यपालिकाको बैठकले पेश गरेको तपसिल बमोजिमको आय र व्यय अनुमान स्वीकृत गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

| | | | |
|---|---|---|---|
| **कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को कुल आय र व्यय अनुमानः** | | | |
| **आय तर्फ** | | | |
| **सि.नं.** | **स्रोत शीर्षक** | **आय रकम** | **कैफियत** |
| **क.** | **संघिय सरकारबाट जम्मा प्राप्त हुने** | **४८,३९,७०,०००।-** | |
| १ | वित्तीय समानीकरण अनुदान | १२,५३,००,०००।- | |
| २ | सशर्त अनुदान | २२,९५,००,०००।- | |
| ३ | राजस्व बाँडफाँड | १०,७६,७०,०००।- | |
| ४ | समपूरक अनुदान | ६५,००,०००।- | |
| ५ | विशेष अनुदान | १,५०,००,०००।- | |
| **ख.** | **कोशी प्रदेशबाट जम्मा प्राप्त हुने** | **४,४०,०३,७५५।-** | |
| ५ | वित्तीय समानीकरण अनुदान | १,१७,७५,०००।- | |
| ६ | सशर्त अनुदान | १३०,९०,०००।- | |
| ७ | राजस्व बाँडफाँड(सवारी साधान) | ९१,३८,७५५।- | |
| ८ | समपूरक अनुदान | १,००,००,०००।- | |
| **ग.** | **आन्तरिक श्रोत जम्मा प्राप्त हुने** | **२५६५१६२४५।-** | |
| १० | वडागत राजस्व | २,००,००,०००।- | |
| ११ | घरजग्गा रजिष्ट्रेशन बाँडफाँड (मालपोत) | १,५०,००,०००।- | |
| १२ | दहत्तर बहत्तर बाँडफाँड | १,५०,००,०००।- | |
| १४ | आन्तरिक आय (बैंक मौज्दात सहित) र अन्य आल्य | २०६५१६२४५।- | |
| **जम्मा (क+ख+ग)** | | **७८४४९००००।-** | |
| **व्यय तर्फ** | | | |
| **सि.नं.** | **व्यय शीर्षक** | **व्यय रकम** | **कैफियत** |
| १ | आर्थिक विकास तर्फ | ३,१६,९३,०००।- | |

**राजमती ईङ्गनाम**
**गाउँपालिका अध्यक्ष**

| | | | |
|---|---|---|---|
| २ | सामाजिक विकास तर्फ | २४,७२,४८,०००।- | |
| ३ | पूर्वाधार विकास तर्फ | ३५,५०,४३,३३५।- | |
| ४ | सुशासन तथा अन्तरसम्बन्ध क्षेत्र तर्फ | ३४,००,०००।- | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | १४,७१,०५,६६५।- | |
| | | **७८,४४,९०,०००।-** | |

## निर्णय नं.(२)

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा आ.व.२०८३।८४ को कानेपोखरी गाउँपालिकाको आ.व.२०८३।०८४ को नीति तथा कार्यक्रम गाउँ कार्यपालिकाको ९७ औं बैठकबाट सभा समक्ष पेश गरेको नीति तथा कार्यक्रम,२०८३ प्रति छलफल भई स्वीकृत गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।
(कानेपोखरी गाउँपालिकाको नीति तथा कार्यक्रम, २०८३ यसै पुस्तकको पछाडि संलग्न छ।)

## निर्णय नं.(३)

प्रस्ताव नं.(३) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको गाउँ सभा २१ औं अधिवेशनको बैठकमा कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०८३।०३।१० गते बसेको बैठकले निर्णय गरी सभा समक्ष मिति २०८३।०३।१० गते पेश भई स्वीकृतीका लागि गाउँपालिकाका उपाध्यक्ष श्री भोलाप्रसाद अधिकारी ज्यू मार्फत प्रस्तुत भएको कानेपोखरी गाउँपालिकाको आर्थिक विधेयक, २०८३ उपर सभामा दफावार छलफल भयो र, गाउँ कार्यपालिकाको निर्णय बमोजिम पेश हुन आएको उक्त विधेयक पारित गर्ने निर्णय गरियो।
(कानेपोखरी गाउँपालिकाको आर्थिक ऐन, २०८३ यसै पुस्तकको पछाडि संलग्न छ।)

## निर्णय नं.(४)

प्रस्ताव नं.(४) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको गाउँ सभा २१ औं अधिवेशनको बैठकमा कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०८३।०३।१० गते बसेको बैठकले निर्णय गरी सभा समक्ष मिति २०८३।०३।१० गते पेश भई स्वीकृतीका लागि गाउँपालिकाका उपाध्यक्ष श्री भोलाप्रसाद अधिकारी ज्यू मार्फत प्रस्तुत भएको कानेपोखरी गाउँपालिकाको विनियोजन विधेयक, २०८३ उपर सभामा दफावार छलफल भयो र, गाउँ कार्यपालिकाको निर्णय बमोजिम पेश हुन आएको उक्त विधेयक पारित गर्ने निर्णय गरियो।
(कानेपोखरी गाउँपालिकाको विनियोजन ऐन, २०८३ यसै पुस्तकको पछाडि संलग्न छ।)

## निर्णय नं.(५)

प्रस्तुत नं.(५) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको न्यायीक समितिको संयोजक श्री भोलाप्रसाद अधिकारीज्यूले कानेपोखरी गाउँपालिकाको न्यायीक समितिको प्रतिवेदन,२०८३ सभा समक्ष

स्वीकृतीका लागि पेश हुन आएको न्यायीक समितिको प्रतिवेदन,२०८२ पेश गरि सर्वसम्मतीले पारित गरियो।

(कानेपोखरी गाउँपालिकाको न्यायीक समितिको प्रतिवेदन, २०८२ यसै पुस्तकको पछाडि संलग्न छ।)

## निर्णय नं.(६)

प्रस्तुत नं.(६) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको न्यायीक समितिको संयोजक श्री भोलाप्रसाद अधिकारीज्यूले कानेपोखरी गाउँपालिकाको योजना अनुगमन समितिको प्रतिवेदन,२०८३ सभा समक्ष स्वीकृतीका लागि पेश हुन आएको योजना अनुगमन समितिको प्रतिवेदन,२०८२ पेश गरि सर्वसम्मतीले पारित गरियो।

(कानेपोखरी गाउँपालिकाको योजना अनुगमन समितिको प्रतिवेदन, २०८२ यसै पुस्तकको पछाडि संलग्न छ।)

## निर्णय नं.(७)

प्रस्ताव नं.(७) का सम्बन्धमा छलफल गर्दा अर्थ तथा सार्वजनिक लेखा समितिबाट दफावार छलफल गरी बेरुजु फछ्यौंटका लागि तयार गरेको कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१, आर्थिक वर्ष २०७९।०८०, आर्थिक वर्ष २०७८।०७९ सम्मका नियमित गर्नु पर्ने प्रकृतिका तपसिलका बेरुजुहरु सम्परीक्षण प्रकृया अघि बढाउन गाउँ कार्यपालिकाबाट पेश भई स्वीकृत गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**आ.व.२०७८।०७९**

| क्र.स. | वेरुजुको दफा | बेरुजुको | | फछ्यौंटको | |
|---|---|---|---|---|---|
| | | छोटकरी व्यहोरा | रकम | छोटकरी व्यहोरा | रकम |
| १ | ३८ | अन्य सरकारी कार्यालयहरुको खर्च तालुक निकाय मन्त्रालयका स्वीकृत बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका | ६७३३९७ | गाउँपालकाबाट प्रहरि कार्यालयहरुलाई इन्धन, मर्मत तथा बिमा वापत भुक्तानी गर्दा पालिकाको आफ्नो बजेट व्यवस्थापनमा चाप नपर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर नपर्ने गरी प्रचलित सार्वननिक खरिद एन तथा नियमावलीमा व्यवस्था भएको प्रावधान वमोजिम मापदण्ड निर्धारण गरी मात्र छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका प्रहरी कार्यालय तथा अन्य संस्थालाई भुक्तानी गर्ने कानुनी | ६७३३९७ |

**राजमती ईङ्गनाम**
**गाउँपालिका अध्यक्ष**

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यालय तथा संघसस्थाहरुलाई विभिन्न कामको लागि भुक्तानी दिएको रकम नियमसम्मत नभएको रु इलाका प्रहरी कार्यालय, पथरी मासिक११०लि दरले बार्षिक खर्च इन्धन रु ५०००००, रमाईलो प्रहरी सवारी १झ०७२४ को नविकरण तथा मर्मत वापत रु ७५९३५ र रेडक्रस बिल्डिङ्गको डिपीआर वापत रु ९७४६२ | | संस्कारको प्रारम्भगरी गर्ने र उक्त व्यवस्थालाई संस्थागत गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दै उक्त बेरुजु नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरिदिन श्री महालेखापरीक्षको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |
| २ | ४७ | निजि शिक्षक नियुक्त गर्दा पालिकाको आन्तरिक बयको आधारमा पारिश्रमिक व्यहोरने गरि गर्नुपर्दछ । तर नेपाल सरकारले स्थानिय तहलाई शिक्षक तलब भत्तामा शशर्त अनुदान उपलब्ध गराए पनि पुनःसमानिकरण बाट निम्न अनुसारको निजि शिक्षकहरुको पारिश्रमिक वापत विद्यालयको खातामा रकम ट्रान्सफर गरेको निमिल्ने रु | १३८०००० | शिक्षा नियमावली २०५९ को नियम १०५मा सामुदायिक विद्यालय आफ्नै श्रोतबाट ब्यहोर्ने गरी नियुक्त गरेको शिक्षकलाई दिइने तलब भत्ता विद्यालय आफैले व्यहोर्नु पर्ने उल्लेख भएता पनि पालिकाले स्वीकृत दरबन्दि भित्र नपरेका एवम विदयालयले गत विगतदेखि नै निजि शिक्षक पालिका आफै एवम विद्यालयले नियुक्ता गरी तलब भत्ता वापतको रकम अनुदान भनी विद्यालयको खातामा ट्रान्सफर गरेकोमा आन्तरिक श्रोत बाट गर्नुपर्नेमा समानीकरण अनुदानबाट रकम दिएको देखिएकोमा अब उपरान्त त्यस्ता प्रकृति रकम गाउँपालकाका सामुदायिक विद्यालय भुक्तानी गर्दा पालिकाको आन्तरिक श्रोतबाट दिने कानुनी संस्कारको प्रारम्भगरी गर्ने र उक्त व्यवस्थालाई संस्थागत गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दै एक पटकको लागि उक्त बेरुजु नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरिदिन श्री महालेखापरीक्षको | १३८०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |
| ३ | ५० | भौ.नं. १६, २०७८-११-०४, पालिकाले यस वर्ष रमाईलो बहुमुखी क्याम्पस लाई अनुदान कार्यमा रु ८०००००।- बजेट विनियोजन गरी निकासा भुक्तानी दिएको देखियो । उच्च शिक्षा संचालन गर्ने संस्थालाई दिने अनुदान व्यवस्थित गर्न पालिकाले कानुन निर्माण गरेको देखिवएन साथै उक्ता अनुदान उपयोग गर्ने सम्बन्धमा सम्बन्धितक्याम्पससँग कुनै प्रकारको सम्झौता समेत गरेको देखिएन । अनुदान उपयोग सम्बन्धि कानुनी व्यवस्थाका साथै क्याम्पससँग सम्झौता नगरेको अवस्थामा अनुदान उपयोगको लेखाजोखा तथा अनुगमन समेत गर्न नसकिने भएकोले संवैधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानीय सरकार एन समेतका आधारमा कानुनी व्यवस्था गरेर अनुदान दिनुपर्नेमा सो गरेको नदेखिएकोले नियमित गर्नुपर्ने रु | ८००००० | बेरुजु प्रतिवेदनले औल्याए वमोजिम कार्यालयबाट सो रमाईलो बहुमुखी क्याम्पस लाई अनुदान दिदाँ संवैधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानीय सरकार एन समेतका आधारमा कानुनी व्यवस्था गरे वमोजिम क्याम्पस र कार्यालय बिच अनुदान दिने सम्झौता गरी मात्र अनुदान दिने कानुनी संस्कार लागू भईसकेको हुँदा एक पटकका लागि उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | ८००००० |

**राजमती ईङ्गनाम**
**गाउँपालिका अध्यक्ष**

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ५१ | पालिकाको आर्थिक वर्ष २०७८/७९ को स्वीकृत कार्यक्रममा गरिव तथा जेहेन्दार छात्रवृत्ती वितरण शिर्षक रु २०००००।- बजेट विनियोजन गरेको र कार्यविधि स्विकृत गरेर खर्च गर्ने उल्लेख छ । तर कार्यालयले विभिन्न मितिको कार्यापलिकाको निर्णय वमोजिम १० जनालाई जम्मा रु १२१३५०।- छात्रवृत्ति वितरण गरेकोमा कार्यविधि स्वीकृत गरेको देखिएन ।कार्यविधि स्वीकृत नगरी वितरण गरेको छात्रवृति नियम सम्मत नदेखिएको रु | १२१३५० | बेरुजु प्रतिवेदनले औंल्याए वमोजिम गरिव तथा जेहेन्दार विद्यायार्थीहरुलाई छात्रवृत्ती वितरण गर्न पालिकाले मिति २०७९ साल आषाढ २९ गते बसेको कानेपोखरी गाउँपालिकाको बाह्रौ गाउँ सभा अधिवेशनको तेस्रो बैठकबाट कानजेपोखरी गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी एन, २०७९ पारित भईकेको र छात्रवृत्ती वितरण गर्दा सो एनमा भए व्यवस्था वमोजिम वितरण गेने कानुनी संस्कार लागू भईसकेको हुँदा एक पटकका लागि उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | १२१३५० |
| ५ | ५३ | शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/७९ को क्रियाकलाप नं. १.१.४.१ को १.२ ख मा प्रत्येक सामुदायि माध्यमिक विद्यालयमा थप १ जना विद्यालय सहायक कर्मचारीका लागि मासिक रु १३५००।- का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान उपलब्ध गराउने र नेपालि सरकारले निर्धारण गरे बमोजिमको न्यून्तम पारिश्रमिकरु १५०००।- भन्दा कम हुन आउने रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने उल्लेख छ ।यस अतिरिक्त स्थानीय तहले विद्यालय | २०८००० | बेरुजु प्रतिवेदनले औंल्याए वमोजिम पालिका सामुदायि माध्यमिक विद्यालयका थप १ जना सहायक कर्मचारी गरी पालिका भित्र जम्मा ८ जना लाई नेपाल सरकारले निर्धारण गरे वमोजिम न्यून्तम पारिश्रमिक अनुदान उलब्ध गराउने व्यवस्था वमोजिम सो सहायक कर्मचारीलाई थप पारिश्रमिक उपलब्ध गराउँदा पालिकाको गाउँसभाबाट निर्णय गराई साथै वार्षिक स्विकृत बजेटमा थप बजेटको बजेट शिर्षकमा रकम विनियोजन समेत व्यवस्था गराउने संस्कार लागू भईसकेको हुँदा एक पटकका लागि उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम | २०८००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सहायक कर्मचारीहरुलाई उल्लिखित न्यूनतम पारिश्रमिक भन्दा बढी हुने व्यवस्था मिलाउने भन्ने उल्लेख गरे बमोजिम पारिकाले यस पालिकाका ८ वटा मान्यमिक विद्यालयका थप १ जना विदयालय सहायक कर्मचारीका लागि मासिक रु ३५००।-थप गरि मासिक पारिश्रमिक रु १७०००।- का दरले निकासा गरेको देखियो । श्रेस्ता परीक्षण गर्दा न्यूनतम पारिश्रमिक भन्दा बढी हुने रकम मासिक रु २०००।- थप गर्ने सम्बन्धमा कुनै पनि निर्णय नदेखिएकाले ८ जना कर्मचारीलाई मासिक रु २०००।- का दरले १३ महिना बराबर निकासा दिएको रकम नियमित गर्नेपर्ने रु | | सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |
| ६ | ६० | पालिकाले श्री सगरमाथा आ.वि.मा कार्यरत विद्यालय स.का. श्री नर्वदा मगरलाई मासिक रु ७०००।- का अतिरिक्त रु ५००० गरी थप गरि रु १२०००।- पारिश्रमिक बजेटमा व्यवस्था गरि निकासा गरेको देखियो ।यस सम्बन्धमा प्र.अ. भत्ता थप भुक्तानी दिएको भन्न् कार्यालयको भनाई रहेकोमा विद्यालय प्र.अ. भत्ता संघीय सशर्त कार्यक्रमबाट बजेट व्यवस्था भई भुक्तानी भएकोले पालिकाबाट निर्णयको आधारमा थप भुक्तानी दिएको नियम सम्मत नदेखिएको छ। | ६५००० | बेरुजु प्रतिवेदनले औंल्याए वमोजिम पालिकाको श्री सगरमाथा आ.वि. मा नेपाल सरसकारबाट स्वीकृत शिक्षक दरबन्दी नभएको साथै विद्यालयमा कार्यरत बाल विकास सहजकर्ता श्री नर्वदा मगरलाई लाई नै प्रधानाध्यापकको जिम्मेवारी दिएकोले प्र.अ. भत्ता भुक्तानी भएको र शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्धारा प्रकाशित कार्यक्रम कार्यान्यन पुस्तिका २०७८/७९ को क्रियाकलाप १.१.४.१ को १.१ वमोजिम बाल विकास सहजकर्ताको पारिश्रमिक वितरण गर्नु पूर्व स्थानीय तहका लागि स्वीकृत कोटा र स्थानीय तहको आफ्नै स्रोतबाट सञ्चालनको अनुमति प्राप्त बाल | ६५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विकास केन्द्रको छुटाछुटै अभिलेख तयार गरी यस क्रियाकलापमा विनियोजित रकमबाट सङ्घीय ससरकारबाट रोत व्यवस्थापन हुने विद्यालयगत वालविका केन्द्र सङ्ख्या यकिन गरी सस्थानीय तहले विद्यालय र विद्यालयसँग मातृम्बन्ध स्थापना गरी सञ्चालनमा रहेको प्रारम्भिक बाल विका कन्द्रका सहजकर्ताको पारीश्रमिक प्रति महिना रु ८००० का दरले चाडवर्व खर्च ससहित १३ महिनाको हुन आउने रकम विद्यालयको खातामा अनुदान दिने । बजेट वक्तव्यमा उल्लेख भए वमोजिम नेपाल सरकारले निर्धारण गरे वमोजिम न्यून्तम पारीश्रमिक रु १५ हजार पर्याउँदा थप गर्नुपर्ने रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने उल्लेख भएकोले सो अनुससार व्यवस्था मिलाउने उल्लेख छ ।सो व्यवस्था अतिरक्त श्री स.का. श्री नर्वदा मगरलाई रु ५००० थप गरी पारीश्रमिक उपलबन्ध गराउनका कारण प्रध्यानाध्यापकको अतिरिक्त जिम्मेवारी दिएकोले हो ।पालिकाको गाउँसभाबाट निर्णय गराई साथै वार्षिक स्विकृत बजेटमा थप बजेटको बजेट शिर्षकमा रकम विनियोजन समेत व्यवस्था गराउने संस्कार लागू भईसकेको हुँदा एक पटकका लागि उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अनुरोध गर्ने । | |
| | | जम्मा | ३२४७७४७ | | ३२४७७४७ |

आ.व.२०७९।०८०

| क्र.स. | वेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | रकम | फछ्र्यौटको छोटकरी व्यहोरा | रकम |
|---|---|---|---|---|---|
| १ | २५ | पालिकाले ऐन वमोजिम पदहरुमा बाहेक कर्मचारी करार अस्पताल तर्फ २ जना डाक्टर सहित अहेव, ल्याव असिस्टेन्ट, स्टाप नर्स, अमिन लगायत १६ जनाको रु ६५९५८९०।- तथा पालिका तर्फ अमिन, असई लगायत ९ जनाको रु ३२६०९६९।- समेत नियुक्ता गरी तलब भत्ता रु ९८५६८५९।- भुक्तानी गरेको पाईयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्ता गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु | ९८५६८५९ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (१०) बमोजिम कानेपोखरी गाउँपालिकालेको मिति २०७८ साल फागुन ११ गते बसेको बैठकले पारित गरेको कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थान नियमावली, २०७८ र कानेपोखरी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी | ९८५६८५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कार्यविधि २०७८ स्वीकृत भएको छ । बेरुजु प्रतिवेदनमा औल्याइएको नीतिगत सुझाव वमोजिम स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लेखित पदका जनशक्ति कानेपोखरी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७८ र कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थान नियमावली, २०७८ को अनूसूचि १ मा कानेपोखरी आधारभूत अस्पताल (पाँच शैया) दरबन्दीको व्यवस्था भईसकेको छ। उक्त दरबन्दीको कर्मचारीहरु सेवा करारमा व्यवस्थापन गर्ने प्रावधान लागु भई केको एवम् अब उप्रान्त यस किसिमको व्यवस्था नदोहोर्याउने प्रतिवद्धता समेत व्यक्त गर्दै उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु सम्परीक्षण गरी बेरुजुको अभिलेखबाट हटाई दिन श्री महालेखा परिक्षको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ३१ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गदै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ ।उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उदेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैंन । यो वर्ष देहायअनुसारको ९ नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु .<br>मेहनती कृषि सहकारी संस्था-रु ४७८८५४<br>मातृभमि कृषि सहकारी संस्था-रु ४००००<br>श्री ज्ञान विज्ञान कृषि सहकारी संस्था लि.-रु १६८०००<br>श्री पारिजात मौरी पालक कृषक समुह-रु ३०००००<br>श्री पूर्णिमा महिला मौरीपालन सहकारी संस्था लि.- रु ५६२५००<br>लालि गुराँस सहकारी- रु १९२८२५<br>केरौन वचत तथा ऋण सहकारी संस्था लि.-रु ४४००००<br>सानाकिसान कृषि सहकारी संस्था लि.-रु २०००००<br>सरस्वति वहुउदेश्य सहकारी संस्था-रु १५००० | २३९७१७९ | बेरुजु प्रतिवेदनले औंल्याए वमोजिम पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गदै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था भए वमोजिम पनि नाफा कमाउने उदेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराएको छ। अब उप्रान्त नाफा कमाउने उदेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध नगराउने तथा कानूनी मापदण्ड बमोजिम मात्र यस किसिमका खर्चहरु गर्ने प्रतिवद्धता व्यक्त गर्दै उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरिदिन श्री महालेखापरीक्षको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | २३९७१७९ |
| | ३२.५ | उद्यमशीलता परियोजना संचालनका | २५००००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लागि तालिम र प्राविधिक सेवा जस्ता कार्यमा खर्च लेखेको तथा परियोजना संचालनका लागि करार गरेको हुँदा सोको भुक्तानीमा आयकर ऐन, २०५८ का उपरोक्त दफा बमोजिम कर कट्टी गर्नुपर्ने अवस्था देखिदा सो सम्बन्धमा हेफर प्रोजेक्ट नेपाललाई कर कट्टी गर्नु नपर्ने आन्तरिक राजस्व विभागको निर्णय वा कानूनी आधार पेश गर्नुपर्ने अन्यथा सो वर्षको खर्च रकम रु २५ लाख मा हेफर प्रोजेक्ट नेपालले अर्को संस्थालाई दिएको भुक्तानी रकमलाई समेत आधार लाई आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिमको प्रकृतिका भुक्तानीमा कर कट्टि गर्न निऋयौल गर्नु | | | |
| ४ | ३३.१ | संचालित कार्यक्रममा उपरोक्त बमोजिमको २२९०० केजी धानको बिउ विज बृद्धि कम्पनी प्रा.लि. चितवन तथा कृषक बिउ उत्पादक समुह झापाको नाममा रु ६७०५००।- बजेट भएको छ र कृषकहरुसंग भएको सम्झौतामा कुल लागतको ५० प्रतिशतअनुदान कृषकले व्यहोरिने भनिएकोमा सो सम्बन्धमा कृषकहरुले सम्बन्धित आपुर्तकहरुलाई भुक्तानी गरेको सुनिश्त गर्ने दाखिला भौचर पेश भएन । यसले गर्दा कृषकहरुले आफुले व्यहोर्नुपर्ने अंश व्यहोरी सामान लिए नलिकएको एकिन हुन नसकेको हुँदा यस सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन सहित नियमित गर्नुपर्ने देखिएको रु | ६७०५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ३५ | पालिकाले ७५ प्रतिशत अनुदानमा विभिन्न कृषक समुह तथा व्यक्तिगत कृषक लाभग्राहीलाई निजले मौरीपालन सम्बन्धी घार किनेर ल्याएको विलको आधारमा अनुदान रकम भुक्तानी गरेको देखिन्छ । यसरी ठोस मापदण्ड तथा आधार वेगर प्राप्त गरेको बजेट खर्चको मापदण्ड गाउँकार्यपालिकाबाट निर्णय गराई गर्नुपर्नेमा सो अनुरुप समेत भएको देखिदैन । साथै कृषकले पेश गरेको बिल अनुरुपको मौरीपालन सम्बन्धी घार खरिद गरे नगरेको यकिननै नगरी पालिकाले ७५ प्रतिशत रकम सदुपयोग भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन सहित नियमित गर्नुपर्ने देखिएको रु | १५००००० | बेरुजु प्रतिवेदनमा औल्याए बमोजिम मौरीपालन प्रवर्द्धन कार्यक्रमलाई संचालनमा विभिन्न कृषक समुह तथा व्यक्तिगत कृषक लाभग्राहीलाई निजले मौरीपालन सम्बन्धी घार किनेर ल्याएको विलको आधारमा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हसस्तान्तरण भएको कृषि विकास कार्यक्रम कार्यान्ययन कार्यविधि २०७९ अनुसार ७५ प्रतिशत अनुदानको उपलब्ध गराएको छ ।अनुदान प्राप्त गर्ने कृषक समूह तथा व्यक्तिगत कृषकहरूले खरिद गरेका मौरीका घारहरूको सम्बन्धमा कृषि शाखाका प्राविधिक कर्मचारी तथा पदाधिकारीद्धारा स्थलगत निरीक्षण गरिएको छ। कृषकले पेश गरेको बिल बमोजिमकै सामग्री खरिद भई मौरीपालन कार्य सुचारु रहेको र अनुदानको पूर्ण सदुपयोग भएको पुष्टि हुने 'स्थलगत अनुगमन प्रतिवेदन' तयार गरी यसै साथ संलग्न राखिएको आधारमा यस पटकलाई उक्त खर्चलाई 'नियमित' गर्ने र उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, | १५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |
| ६ | ३७ | पालिकाबाट कृषि प्राविधिक सहायकले आ.ब. २०७८/०७९ मा प्रयोजन नखुलाई लिएको कार्यक्रम पेश्की त्यही बर्ष कार्यक्रम नगरी आ.ब. २०७९/०८० मा पालिका तर्फको भौ.नं. ९/२०७९/०९/०८ बाट धानको विउ वितरण गर्ने कार्यक्रम गरी उक्त पेश्की फर्छ्यौट गरेको छ । लिएको पेश्की मध्यै रु ३३९४४५ पालिका अन्तर्गतका सबै वडाका विभिन्न क्षेत्रफल भएको विभिन्न लाभग्राही कृषकहरुलाई विभिन्न दररेटमा निजहरुले ल्याएको बिउ खरिद गरिएको विजको आधारमा त्याँकको विवरण आध्यावधिक नराखि गरिएको भुक्तानी विश्वाश्विय देखिऐन । साथै आ.ब. २०७८/७९ मा लिएको पेश्की रु ७५०००० मध्ये रु ४१०५५५ पालिकाले खातामा फर्ता गरेको बैंक भौचरको फोटोकपि पेश गरेको छ । यसरी कार्यक्रम गर्नको लागि लिएको पेश्की वापतको सम्पुर्ण काम नगर्ने तथा सरकारी रकम लामो समय सम्म पेश्कीको रुपमा राखेको कार्य कानून | ७५००००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सम्मत देखिऐन । तसर्थ स्वीकृत कार्ययोजना विना पेश्की दिने कार्य, दिइएको पेश्कीबाट केही रकम मात्र कार्य गर्ने तथा बाँकी रकम सक्कल बैंक दाखिला भौचर बिना गरेको पेश्की फछ्यौंट कार्य नियम सम्मत देखिऐन । तसर्थ पालिकाले यस सम्बन्धमा छानविन गररी पेश्की दुरुपयोग भए नभएको सुनिश्ति हुने अनुगमन प्रतिवेदन पेश गरि नियमित गर्नुपर्ने रु | | | |
| ७ | ४० | पालिकाले देहायको संस्थासंग पालिकाबाट तथा कृषक लाभग्राहीबाट लागत व्यहोर्ने गरी पकेट कार्यक्रम संचालन गरी रु १२९३८०० भुक्तानी गरेको छ । कृषकको तर्फबाट व्यहोरिएको अंश रु ६५३४२६ को सम्बन्धमा कृषकहरुले सम्बन्धित आपूर्तकहरुलाई भुक्तानी गरेको सूनिशत गर्ने दाखिला भौचर पेश भएन । यसले गर्दा कृषकहरुले आफुले व्यहोर्नुपर्ने अंश व्यहोरी सामान लिए नलिएको एकिन हुन नसकेको हुंदा यस सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन सहित नियमित गर्नुपर्ने देखिएको रु<br>राधा कृषक समुह-रु १३६६०६<br>लालि गुराँस सहकारी- रु ११२६७५<br>मिहिनेती कृषि सहकारी संस्था-रु २२८५१७ | ६५३४२६ | | |

**राजमती ईङ्गनाम**
**गाउँपालिका अध्यक्ष**

| | | | | | |
|---|---|---|---|---|---|
| | | जुनतारा कृषक समुह-रु १७५६२८ | | | |
| ८ | ४४ | पालिकाले वडा नं. १ देखि ७ सम्म विभिन्न कर्मचारीहरु राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रममा अतिरिक्त समय खटिए वापतको खाना तथा खाजा वापतको रकम भनि देहाय बमोजिम वडा सदसय, वडा सचिव तथा होटललाई बिल संलग्न गरी भुक्तानी गरेको छ । उक्त परिचयपत्र वितरण कार्यमा कुन कुन कर्मचारी खटिएको हो सम्बन्धित नियकाले खटाएको पत्र पेश भउको छैन । त्यसैगरी खटाएका कर्मचारीहरुलाई खाजा खर्चका लागि रकम नदिई विभिन्न होटलका बिल संलग्न गरी वडा सदस्य, सचिव एवं होटललाई भुक्तानि गरेको देखिन्छ । यसले गर्दा सम्बन्धित कार्यमा खटिएका वास्तविक कर्मचारी को को हुन र उनीहरुकै लागि खजा/खाना खुवाएको सुनिश्चित हनु नसकेकोले यस सम्बन्धमा पालिकाबाट छानविन तथा यकिन गरी नियमित गर्नुपर्ने<br>वडा सदस्य केशव दाहाल - रु १०३७००<br>गुरुङ होटल एण्ड लज – रु ५१३४७<br>वडा सचिव पौरख अधिकारी - रु ११२८७५<br>वडा सदस्य राज कुमार लिम्बु - रु ५३२००<br>रोस्ना होटल एण्ड लज - रु ५७४०० | ४९६६५२ | नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य संङ्गीय/प्रादेशिक/स्थानीय कानूनले गाउपालिकालाई सुम्पेको काम, कर्तव्य र अधिकारलाई व्यवहारिक रुपमा कार्यान्वयनमा लैजानका लागि गाउँपालिका कर्मचारी उपयोगमा ल्याउनु पर्ने हुन्छ । गाउँपालिकालाई संस्थागत गर्ने महत्वपूर्ण अभिभारा रेहेको उक्त समयमा समिति कर्मचारीहरुको मात्र उपलब्धता रहेको थियो र ती कर्मचारीहरु कार्यालय समयमा नियमित प्रकृतिका काममा मात्र व्यस्त रहनुपर्ने अवस्था थियो । सीमित संख्यामा रहेका कर्मचारीलाई कार्यालय समय बाहेकोको समयमा पालिकाले राष्ट्रिय परिचय पत्र विवरण संकलन अभियानमा वडा नं. १ देखि ७ सम्मका वडा सचिव, दर्ता सहयोगी, सम्बन्धित वडाका सबै जनप्रतिनिधिहरुको खाजा तथा खाना खर्च र जिल्ला प्रशासन कार्यालय, मोरङ बाट | ४९६६५२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सर्गुन खाजा घर - रु ११८१३० | | खटिआएका २३ जना विवरण दर्ता अपरेटर को खाना, खाजा तथा आवास समेतको खर्च गाउँपालिकाको आन्तरित चालु शीर्षकबाट जनप्रतिनिधि, कर्मचारी तथा होटलहरुलाई भुक्तानी उपलब्ध गराईएकोमा अबका दिनमा त्यसस्ता जनशक्तिलाई काममा लगाउँदा मापदण्ड बनाई मापदण्ड बमोजिम मात्र खाजा, खाजा तथा अवास खर्च उपलबन्ध गराउने प्रतिवद्धता व्यक्त गर्दै उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु सम्परीक्षण गरी बेरुजुको अभिलेखबाट हटाई दिन श्री महालेखा परिक्षको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |
| ९ | ४६ | पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको देहायका कार्यालय तथा संघस्थाहरुलाई विभिन्न इन्धन एवं गाडी मर्मतको लागि भुक्तानी दिउको रकम नियमसम्मत नदेखिको रु<br>ईलाका प्रहरी कार्यालय, पथरी : ९१० लि डिजेल-रु१५३७९०<br>सशस्त्र प्रहरी बेस क्याम्प बाहुनि, बेलबारी : ७८० लि डिजेल-रु १३१८२०<br>रमाइलो प्रहरी चौकी, कानेपोखरी : ३६० लि पेट्रोल-रु ६४८०० र १४४५ डिजेल-रु २४४२०५ | ८८२४८३ | गाउँपालकाबाट प्रहरि कार्यालयहरुलाई इन्धन, मर्मत तथा बिमा वापत भुक्तानी गर्दा पालिकाको आफ्नो बजेट व्यवस्थापनमा चाप नपर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर नपर्ने गरी प्रचलित सार्वननिक खरिद एन तथा नियमावलीमा व्यवस्था भएको प्रावधान वमोजिम मापदण्ड निर्धारण गरी मात्र छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका प्रहरी कार्यालय तथा अन्य संस्थालाई भुक्तानी गर्ने कानुनी संस्कारको प्रारम्भगरी गर्ने र | ८८२४८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सशस्त्र प्रहरी बेस क्याम्प, पथरी शनिश्चरे : ३६० लि डिजेल-रु ६०८४० रमाइलो प्रहरी चौकी, कानेपोखरी : सवारी मर्मत - रु ८४४२८ सशस्त्र प्रहरी बेस क्याम्प बाहुनि, बेलबारी : सवारी मर्मत - रु ७६६०० रमाइलो प्रहरी चौकी, कानेपोखरी : सवारी मर्मत - रु ६६००० | | उक्त व्यवस्थालाई संस्थागत गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दै उक्त बेरुजु नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरिदिन श्री महालेखापरीक्षको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |
| १० | ५२ | पालिकाले आ.व. २०७८/७९ मा सम्झौता भई सञ्चालनमा रहेका योजनाको भुक्तानी बाँकी भनि गत वर्षको विभिन्न कार्यक्रमको विभिन्न व्यक्ति, फर्म तथा संस्थालाई यस वर्ष रु ३९९४९८८ भुक्तानी गरेको छ र यसरी कार्यक्रम वाइज कुन कुन व्यक्ति, फर्मत र संस्थालाई कति रकम भुक्तानी गर्न बाँकी रहेको हो सो प्रमाणित नगरी भुक्तानी गर्दा गत वर्ष भुक्तानी गर्न बाँकी रहेको थियो थिऐन यकिन हुने अवस्था नभएको हुँदा उक्त भुक्तानी नियमसम्मत नदेखिएको रु | ३९९४९८८ | | |
| ११ | ६८ | स्थानीय तहले विद्यालय सहायक कर्मचारीहरुलाई उल्लेखित न्यूनतम पारिश्रमिक भन्दा बढी हुने व्यवस्था मिलाउने भन्ने उल्लेख गरे बमोजिम पालिकाले यस पालिकाका ८ वटा माध्यमिक विद्यालयका थप १ जना विद्यालय सहायक कर्मचारीका लागि मासिक रु ३५०० थप गरि मासिक पारिश्रमिक रु १७००० का दरले निकासा गरेको देखियो । श्रेस्ता परिक्षण गर्दा न्यूनतम पारिश्रमिक भन्दा बढी हुने रकम मासिक रु २००० थप गर्ने सम्बन्धमा कुनै पनि निर्णय नदेखिएकोले ८ जना कर्मचारीलाई मासिक रु २००० | ११२००० | बेरुजु प्रतिवेदनले औंल्याए वमोजिम पालिकाले सामुदायि माध्यमिक विद्यालयका थप १ जना सहायक कर्मचारी गरी पालिका भित्र जम्मा ८ जना लाई नेपाल सरकारले निर्धारण गरे वमोजिम न्यून्तम पारिश्रमिक अनुदान उलब्ध गराउने व्यवस्था वमोजिम सो सहायक कर्मचारीलाई थप पारिश्रमिक उपलब्ध गराउँदा पालिकाको गाउँसभाबाट निर्णय गराई साथै वार्षिक स्विकृत बजेटमा थप बजेटको बजेट | ११२००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | का दरले ६ महिना बराबर निकासा दिएको रकम नियमसम्मत नदेखिएको | | शिर्षकमा रकम विनियोजन समेत व्यवस्था गराउने संस्कार लागू भईसकेको हुँदा एक पटकका लागि उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |
| १२ | ६९ | पालिकाले यस वर्ष रमाईलो बहुमुखी क्याम्पसस निशर्त चालु अनुदान कार्यक्रममा रु १२००००० बजेट विनियोजन गरी निकासा भुक्तानी दिएको देखियो । उच्च शिक्षा सञ्चालन गर्ने संस्थालाई दिने अनुदान व्यवस्थित गर्न पालिकाले कानुन निर्माण गरेको देखिऐन साथै उक्त अनुदान उपयोग गर्ने ससम्बन्धमा सम्बन्धित क्याम्पससँग कुनै प्रकारको सम्झौता समेत गरेको देखिऐन । अनुदान उपयोग सम्बन्धित कानुनी व्यवस्थाका साथै क्याम्पससँग सम्झौता नगरेको अवस्थामा अनुदान उपयोगको लेखाजोखा तथा अनुगमन समेत गर्न नससकिने भएकोले संवैधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानीय सरका सञ्चालन ऐन समेतका आधारमा कानुनी व्यवस्था गरेर अनुदान दिनुपर्नेमा सो गरेको नदेखिएकोले उक्त अनुदान नियमसम्मत नदेखिएको रु | १२००००० | बेरुजु प्रतिवेदनले औल्याए वमोजिम पालिकाले उच्च माध्यमिक शिक्षा थप व्यवस्थित तथा प्रभावकारी वनाउन शिक्षक जनशक्ति कम भएकोले आन्तरिक श्रोत बाटनै थप जनशक्ति व्यवस्था गर्न कार्यालयबाट सो रमाईलो बहुमुखी क्याम्पस लाई अनुदान दिदाँ संवैधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानीय सरकार एन समेतका आधारमा कानुनी व्यवस्था गरे वमोजिम क्याम्पस र कार्यालय बिच अनुदान दिने सम्झौता गरी मात्र अनुदान दिने कानुनी संस्कार लागू भईसकेको हुँदा एक पटकका लागि उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | १२००००० |

**राजमती ईङ्गनाम**
**गाउँपालिका अध्यक्ष**

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | ५५ | पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु १०००००० ट्रान्सफर गरेको छ । तर पालिकाबाट उक्त कोषको संचालन सम्बन्धी कुनै ऐन, कानून, कार्यविधिको व्यवस्था भएको देखिऐन ।र यससरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकोले यथाशिघ्र कार्यविधि निर्माण गरी नियमित गर्नुपर्ने देखिएको रु | १०००००० | बेरुजु प्रतिवेदनले औल्याए वमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ को भावना बमोजिम कर्मचारीहरूको सामाजिक सुरक्षा र हितका लागि कर्मचारी कल्याण कोष खडा गर्ने उद्देश्यले उक्त रकम विनियोजन गरिएको हो।उक्त कोष सञ्चालनका लागि छुट्टै ऐन, नियम वा कार्यविधि नबनेको तथ्यलाई स्वीकार गर्दै, हाल उक्त 'कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि पारित भएपश्चात मात्र कोषको रकम परिचालन गरिने र ऐनको प्रावधान बमोजिम कर्मचारीको तलबबाट १०% कट्टा गरी सो बराबरको रकम थप गर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ।कर्मचारीको वृत्ति विकास र कल्याणकारी कार्यका लागि विनियोजन गरिएको र हाल कोषमै सुरक्षित रहेको उक्त रकमलाई कार्यविधि निर्माणको प्रक्रियामा रहेको आधारमा एक पटकका लागि उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | १०००००० |

**राजमती ईङ्गनाम**
**गाउँपालिका अध्यक्ष**

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | ७८ | पालिकाले स्वास्थ्य तर्फका स्थायी कर्मचारीहरुको तलब भत्ता संघीय सशर्त तर्फबाट खर्च लेख्नु पर्नेमा २०८० असारको तलब भत्ता खर्च रु १२९१९४५ गाउँपालिका चालुबाट खर्च लेखेको छ ।दरबन्दी भन्दा बढी कर्मचारी भएकोले तलब भत्ता अपुग भई यस्तो भुक्तानी गर्न परेको पालिकाको भनाई रहेको छ र दरबन्दी भन्दा बढी कर्मचारी समायोजन गरी गाउँपालिकाबाट तलब भत्ता खर्च लेख्न कार्य नियम सम्मत नदेखिएको रु | १२९१९४५ | बेरुजु प्रतिवेदन औंल्याए बमोजिम स्वास्थ्य सेवा जस्तो अत्यावश्यक सेवामा कार्यरत कर्मचारीहरूको २०८० असार महिनाको तलब भत्ता भुक्तानीका लागि संघीय सरकारबाट प्राप्त सशर्त अनुदानको मौज्दात अपुग हुन गएको थियो। कर्मचारीले काम गरिसकेपछि पाउने पारिश्रमिक र खाइपाइ आएको सुविधा रोक्न नमिल्ने सर्वोच्च अदालतको नजिर तथा मानवीय संवेदशीलताका कारण पालिकाको गाउँ कार्यपालिकाको निर्णय बमोजिम तत्कालका लागि आन्तरिक/चालु स्रोतबाट सो रकम भुक्तानी गरिएको हो।संघीय सरकारबाट समायोजन भई आएका र दरबन्दीमा रहेका कर्मचारीहरूको संख्या र पठाएको बजेट बिच तालमेल नमिलेका कारण यो स्थिति सिर्जना भएको हो। दरबन्दी भन्दा बढी देखिएका कर्मचारीहरूको विवरण र थप बजेट मागका लागि सम्बन्धित मन्त्रालय (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय) मा पत्राचार गरिएको छ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२) को पालना गर्न पालिका | १२९१९४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रतिबद्ध छ। आगामी दिनमा दरबन्दी अनुसारको बजेट व्यवस्थापन गर्न र सशर्त तर्फको खर्च सोही शीर्षकबाट मात्र गर्ने व्यवस्था मिलाइनेछ। साथै, दरबन्दी मिलान र ओएनएम (O&M) सर्भे गरी कर्मचारी व्यवस्थापनलाई नियमसम्मत बनाउने प्रक्रिया अगाडि बढाइएको छ। कर्मचारीको तलब भत्ता जस्तो संवेदनशील विषयमा भुक्तानी भएको र सो रकम कुनै व्यक्तिगत लाभ वा दुरुपयोग नभई कर्मचारीको नियमानुसारको पारिश्रमिकमा खर्च भएको हुँदा, यस पटकलाई उक्त खर्चलाई 'नियमित' गर्ने र उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |
| १५ | १०४ | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ मा आर्थिक वर्ष र आय व्ययको लेखा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्बन्धि वयवस्था अवलम्बन गरी मबन्धित शिर्षक भित्र पर्ने गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकातर्फ देहायका विवरण अनुसार शिर्षक नमिलाई फरक शिर्षक खर्च लेखेको देखियो । यसरी खर्च शिर्षक नमिलाई फरक शिर्षकमा | २५०४००० | बेरुजु प्रतिवेदन औंल्याए वमोजिम बाल विकास शिक्षक र विद्यालय कर्मचारीहरूको श्रावण देखि असोज सम्मको र चाडपर्व खर्च बापतको नियमानुसारको पारिश्रमिक नै हो। भुक्तानी प्राप्त गर्ने व्यक्तिहरू सम्बन्धित विद्यालयका बाल विकास शिक्षक र कर्मचारीहरू नै रहेको पुष्टि हुने भरपाई र | २५०४००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खर्च लेखेकोले शिर्षकगत रुपमा खर्च एकिन हुन नसकि नियन्त्रण र व्यवस्थापनमा प्रभाव पर्ने हुदा यस्तो खर्च रकम नियमसम्मत नदेखिएको रु २५०४०००<br><br>२-२०७९/०६/०४-श्रावण देखि असोज तथा पर्व समेत-खर्च लेखेको शिर्षक(आधारभुत तहमा स्वीकृत दरबन्दीको शिक्षक राहत अनुदान शिक्षकको तलब)- खर्च लेख्नुपर्ने शिर्षक(बालबिकास तथा विद्यालय कर्मचारीको तलब) - रु २५०४०००० | | बैंक विवरण सुरक्षित छ।स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा बजेट प्रविष्टि गर्दा वा खर्च लेख्दा प्राविधिक कारणले 'आधारभूत तहका राहत शिक्षक' को शीर्षकमा खर्च देखिन गएको हो। यो त्रुटि नियतवश नभई प्राविधिक/मानवीय भूलका कारण हुन गएको हो।खर्च शीर्षक फरक परे तापनि विनियोजित बजेटको सीमाभित्रै रही सम्बन्धित लक्षित वर्ग (बाल विकास शिक्षक र कर्मचारी) ले नै उक्त पारिश्रमिक प्राप्त गरेको हुँदा बजेटको दुरुपयोग नभएको र वित्तीय अनुशासन कायम रहेको व्यहोरा अनुरोध छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ को पूर्ण पालना गर्दै आगामी दिनमा खर्च लेख्दा बजेट उप-शीर्षक र खर्च शीर्षकको यकिन गरेर मात्र भुक्तानी दिने व्यवस्था मिलाइनेछ। साथै, आगामी आर्थिक वर्षको बजेट तथा लेखामा यस्तो त्रुटि दोहोरिन नदिने गरी कर्मचारीहरूलाई निर्देशित गरिएको छ।लक्षित कर्मचारीले नै पारिश्रमिक प्राप्त गरेको र शीर्षक मात्र फरक पर्न गएको हुँदा, पेश गरिएका सम्बन्धित कर्मचारीहरूको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विवरण र बैंक भुक्तानी भौचरका आधारमा यस पटकलाई उक्त खर्चलाई 'नियमित' गर्ने र उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |
| | | जम्मा | | | २१२४१११८ |

आ.व.२०८०।०८१

| क्र.स. | वेरुजुको दफा | बेरुजुको | | फछ्यौंटको | |
|---|---|---|---|---|---|
| | | छोटकरी व्यहोरा | रकम | छोटकरी व्यहोरा | रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ११ | पालिकाले स्वास्थ्य तर्फका स्थायी कर्मचारीहरुको तलब भत्ता संघीय सशर्त तर्फ बाट खर्च लेख्नु पर्नेमा २०८१ असारको तलब भत्ता खर्च रु १२९१९४५ गाउँपालिका चालुखबाट खर्च लेखेको छ । दरबन्दी भन्दा बढी कर्मचारी भएकोले तलब भत्ता अपुग भई यस्तो भुक्तानी गर्न परेको पलिकाको भनाई रहेको छ । दरबन्दी भन्दा बढी कर्मचारी समायोजन गरी गाउँपालिकबाट तलब भत्ता खर्च लेख्ने कार्य नियम सम्मत नदेखिएको रु | १२९१९४५ | बेरुजु प्रतिवेदन औंल्याए बमोजिम स्वास्थ्य सेवा जस्तो अत्यावश्यक सेवामा कार्यरत कर्मचारीहरूको २०८१ असार महिनाको तलब भत्ता भुक्तानीका लागि संघीय सरकारबाट प्राप्त सशर्त अनुदानको मौज्दात अपुग हुन गएको थियो। कर्मचारीले काम गरिसकेपछि पाउने पारिश्रमिक र खाइपाइ आएको सुविधा रोक्न नमिल्ने सर्वोच्च अदालतको नजिर तथा मानवीय संवेदशीलताका कारण पालिकाको गाउँ कार्यपालिकाको निर्णय बमोजिम तत्कालका लागि आन्तरिक/चालु स्रोतबाट सो रकम भुक्तानी गरिएको हो। संघीय सरकारबाट समायोजन भई आएका र दरबन्दीमा रहेका कर्मचारीहरूको संख्या र पठाएको बजेट बिच तालमेल नमिलेका कारण यो स्थिति सिर्जना भएको हो। दरबन्दी भन्दा बढी देखिएका कर्मचारीहरूको विवरण र थप बजेट मागका लागि सम्बन्धित मन्त्रालय (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय) मा पत्राचार गरिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२) को पालना गर्न पालिका प्रतिबद्ध छ। आगामी दिनमा दरबन्दी अनुसारको बजेट व्यवस्थापन गर्न र सशर्त तर्फको खर्च सोही शीर्षकबाट मात्र गर्ने व्यवस्था मिलाइनेछ। साथै, दरबन्दी मिलान र ओएनएम (O&M) सर्भे गरी कर्मचारी | १२९१९४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | व्यवस्थापनलाई नियमसम्मत बनाउने प्रक्रिया अगाडि बढाइएको छ। कर्मचारीको तलब भत्ता जस्तो संवेदनशील विषयमा भुक्तानी भएको र सो रकम कुनै व्यक्तिगत लाभ वा दुरुपयोग नभई कर्मचारीको नियमानुसारको पारिश्रमिकमा खर्च भएको हुँदा, यस पटकलाई उक्त खर्चलाई 'नियमित' गर्ने र उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ३० | कार्यालयले जनसेवा मा.वि. कानेपोखरी ६ शैक्षिक भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी सारा श्रृष्टी निर्माण सेवा सँग रु ४९९०६३३२.२४ (मुल्य अभिवृद्धि कर समेत) मा सम्झौता गरी यो बर्ष रु ४६५८९८३९ (मुल्य अभिवृद्धि कर समेत) भुक्तानी भै थप निर्माण कार्य गर्न बाँकी देखिएको भनी जनसेवा मा.वि. कानेपोखरी ६ को पुरानो संरचना भत्काउने र निर्माण स्थल सम्म बाटो निर्माण गर्ने निर्माण कार्य निर्माण व्यवसायी सारा श्रृष्टी निर्माण सेवाससँग सोझै खरिद गराई रु ३७३५२१ भुक्तानी भएको देखिन्छ । यसरी पुर्वानुमान गर्न सक्ने निर्माण कार्य नियमावलीमा भएको व्यवस्था बमोजिम भेरियशन आदेश जारी गरी कार्य गर्नुपर्नेमा सो नगरी सोझै खरिद गरी भुक्तानी गरो नियमसम्मत नदेखिएको | ३७३५२१ | बेरुजु प्रतिवेदनमा औल्याए बमोजिम शैक्षिक भवन निर्माणको मुख्य सम्झौता भई कार्य प्रारम्भ गर्ने क्रममा निर्माण स्थलमा रहेका पुराना जिर्ण संरचनाहरू नहटाएसम्म नयाँ भवनको जग खन्ने कार्य असम्भव रहेको र निर्माण सामग्री लैजान पहुँच मार्ग नभएकाले उक्त कार्य तत्कालै गर्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको थियो। मुख्य सम्झौताको 'बिल अफ क्वान्टिटी' मा पुराना संरचना भत्काउने र बाटो बनाउने विषय समावेश नभएको र मुख्य कार्यलाई बाधा नपुगोस् भनी प्राविधिक प्रतिवेदन र नापजाँच का आधारमा सोझै खरिद प्रक्रियाबाट कार्य गराइएको हो। मुख्य ठेकेदार नै कार्यस्थलमा मेसिनरी र जनशक्तिसहित उपलब्ध भएकोले छुट्टै बोलपत्र गर्दा समय र लागत बढी लाग्ने देखिएकाले आर्थिक मितव्ययितालाई ध्यान दिई सोही निर्माण व्यवसायीबाट कार्य गराइएको हो। उक्त कार्य बापत भएको खर्चको प्राविधिक मूल्याङ्कन, नापि किताब र फोटोहरूबाट कार्य सम्पन्न भएको पुष्टि हुन्छ। खर्च गरिएको रकम जिल्ला दररेट र लागत अनुमान भित्रै रहेको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को मर्म अनुसार आगामी दिनमा सम्झौतामा नपरेका तर गर्नैपर्ने कार्यहरू देखिएमा नियमसम्मत ढंगले भेरिएसन आदेश जारी गरी वा स्वीकृत ड्रइङ/डिजाईन संशोधन गरी प्रक्रिया | ३७३५२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | रु | | पूरा गरेर मात्र कार्य गरिने प्रतिबद्धता व्यक्त गर्दछौं। भवन निर्माणको मुख्य कार्य सम्पन्न गर्न यो कार्य अनिवार्य रहेको र कामको वास्तविक नापजाँचका आधारमा मात्र भुक्तानी भएको हुँदा, एक पटकको लागि उक्त बेरुजु नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरिदिन श्री महालेखापरीक्षको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |
| ३ | ४२ | रमाईलो बहुमुखी क्याम्पस कानेपोखरी ५ को लागि उँ सभा कार्यक्रममा उल्लेख भए अनुसार पालिकाले यसस वर्ष उक्त क्याम्पससलाई भवन निर्माण वापत रुपमा रु ४९२७०४ निका गरेको पाईयो । पालिकाले शैक्षिक क्षेत्र तर्फ अनुदान वितरण गर्ने कार्यविधि तयार गरेको | ४९२७०४ | बेरुजु प्रतिवेदनमा औल्याए बमोजिम गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट मार्फत गाउँ सभाबाटै स्वीकृत भई विनियोजन गरिएको हो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) ले आधारभूत र माध्यमिक शिक्षाको अधिकार दिए तापनि उच्च शिक्षाको भौतिक पूर्वाधार विकासमा स्थानीय तहको साझेदारी र सहयोग रहने अभ्यास र आवश्यकतालाई ध्यान दिई उक्त सहयोग गरिएको हो। रमाईलो बहुमुखी क्याम्पस यस क्षेत्रकै एक मात्र | ४९२७०४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पाइएन साथै क्याम्पसले आफ्नो लेखापरीक्षण प्रतिवेदन पेश गरी प्राप्त अनुदानको सदपयोग भएको प्रमाण समेत पेश गरेको देखिएन । पालिकाले आफ्नो अधिकार क्षेत्र भन्दा बाहिरका निकायलाई अनुदान भुक्तानी गरेको नियमससंगत नदेखिएको रु<br>रमाईलो बहुमुखी क्याम्पस कानेपोखरी ५ - रु ४९२७०४ | | सामुदायिक/सार्वजनिक क्याम्पस भएको र यसमा स्थानीय विपन्न तथा लक्षित वर्गका विद्यार्थीहरू अध्ययन गर्ने भएकाले यसको भौतिक सुधार गर्नु पालिकाको सामाजिक उत्तरदायित्व भित्र पर्ने देखिन्छ। लेखापरीक्षणका क्रममा औंल्याइए अनुसार अनुदान वितरण कार्यविधि नबनेको विषयलाई मनन गर्दै हाल 'संस्थागत अनुदान वितरण सम्बन्धी कार्यविधि' तर्जुमा गर्ने प्रक्रिया सुरु गरिएको छ। साथै, सम्बन्धित क्याम्पसलाई उक्त अनुदान रकमको खर्च विवरण (Audited Financial Statement) र कार्य सम्पन्न प्रतिवेदन पेश गर्न पत्राचार गरिसकिएको छ। क्याम्पसबाट प्राप्त हुने लेखापरीक्षण प्रतिवेदनका आधारमा अनुदानको सदुपयोग भएको यकिन गरिनेछ। आगामी दिनमा कार्यविधि निर्माण गरेर मात्र अनुदान उपलब्ध गराउने र प्राप्त गर्ने संस्थाको अनिवार्य लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपछि मात्र थप अनुदान दिने व्यवस्थालाई पालना गरिनेछ। सार्वजनिक शैक्षिक संस्थाको भवन निर्माण जस्तो महत्वपूर्ण कार्यमा उपयोग भएको र गाउँ सभाबाटै स्वीकृत कार्यक्रम रहेको हुँदा, एक पटकको लागि उक्त बेरुजु नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरिदिन श्री महालेखापरीक्षको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |

**राजमती ईङ्गनाम**
**गाउँपालिका अध्यक्ष**

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ४ | ४३ | स्थानीय सरकार सञ्चालन ऐन , २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उदेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष केरौन बचत तथा ऋण सहकारी संस्थालाई भवन निर्माण अनुदान दिएको नियमसम्मत | ४००००० | बेरुजु प्रतिवेदनमा औंल्याए बमोजिम सहकारी संस्था स्थानीय स्तरमा छरिएर रहेको स-सानो पूँजी संकलन गरी कृषि, पशुपालन र साना उद्यममा परिचालन गर्ने एक सामुदायिक संस्था हो। सहकारी ऐन, २०७४ को मर्म अनुसार सहकारीहरू केवल नाफामूलक मात्र नभई सामाजिक र आर्थिक विकासका साझेदार पनि हुन्। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ख) २ ले सहकारी संस्थाको प्रवद्र्धन, नियमन र विकास गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। सोही अधिकार प्रयोग गरी गाउँ सभाले यस क्षेत्रका कृषक र सदस्यहरूको सेवा सहज बनाउन भवन निर्माणमा साझेदारी/सहयोग गर्ने निर्णय बमोजिम यो रकम विनियोजन गरिएको हो। सहकारीको भवन निर्माणमा | ४००००० |

**राजमती ईङ्गनाम**
**गाउँपालिका अध्यक्ष**

| | | | | | |
|---|---|---|---|---|---|
| | | नदेखिएको रु | | सरकारी लगानी भएकोले उक्त संरचना सहकारी विघटन भएको खण्डमा वा भविष्यमा सार्वजनिक हितका लागि प्रयोग हुने गरी सम्झौता/व्यवस्था मिलाइएको छ। यो विशुद्ध वितरणमुखी खर्च नभई स्थानीय पूर्वाधार र सामुदायिक पुंजी निर्माणमा गरिएको लगानी हो। महालेखाको सुझावलाई शिरोधार्य गर्दै आगामी दिनमा नाफामूलक प्रकृतिका संस्थाहरूलाई अनुदान दिंदा थप सचेत रहने र उत्पादनमूलक एवं दीर्घकालीन पूर्वाधारमा मात्र बजेट विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं। गाउँ सभाबाट स्वीकृत कार्यक्रम रहेको र स्थानीय किसान एवं सर्वसाधारणको वित्तीय पहुँच सहज बनाउने उद्देश्यले खर्च भएको हुँदा, एक पटकको लागि उक्त बेरुजु नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरिदिन श्री महालेखापरीक्षको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |
| | | केरौन बचत तथा ऋण सहकारी को भवन निर्माण - रु 400000 | | | |
| ५ | ५२ | पालिकाले यस वर्ष रमाईलो बहुमुखी क्याम्पस निसर्त चालु अनुदान कार्यक्रममा रु १०००००० बजेट विनियोजन गरि निकासा भुक्तानी दिएको देखियो । उच्च शिक्षा सञ्चालन गर्ने ससंसंस्थालाई दिने अनुदान व्यवसस्थित | १०००००० | बेरुजु प्रतिवेदनले औंल्याए वमोजिम पालिकाले उच्च माध्यमिक शिक्षा थप व्यवस्थित तथा प्रभावकारी वनाउन शिक्षक जनशक्ति कम भएकोले आन्तरिक श्रोत बाटनै थप जनशक्ति व्यवस्था गर्न कार्यालयबाट सो रमाईलो बहुमुखी क्याम्पस लाई अनुदान दिदाँ संवैधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानीय सरकार ऐन समेतका | १०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गर्न पालिकाले कानुन निर्माण गरेको देखिएन ससाथै उक्त अनुदान उपयोग गर्ने सम्बन्धमा सम्बन्धित क्याम्पस सँग कुनै प्रकारको सम्झौता समेत गरेको देखिएन । अनुदान उपयोग सम्बन्धित कानुनी व्यवस्थाका साथै क्याम्पससँग सम्झौता नगरेको अवस्थामा अनुदान उपयोगको लेखाजोखा तथा अनुगमन समेत गर्न नसकिने भएकोले संवैधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानीय सरकार सञ्चालन ऐन समेतका आधारमा कानुनी व्यवस्था गरेर अनुदान दिनुपर्नेमा सो गरेको नदेखिएकोले उक्त अनुदान नियमसम्मत नदेखिएको रु | | आधारमा कानुनी व्यवस्था गरे वमोजिम क्याम्पस र कार्यालय बिच अनुदान दिने सम्झौता गरी मात्र अनुदान दिने कानुनी संस्कार लागू भईसकेको हुँदा एक पटकका लागि उक्त बेरुजु रकम नियमित गर्ने र उक्त बेरुजु रकम सम्परीक्षण गरी लगतबाट कट्टा गरीदिन श्री महालेखापरीक्षकको कार्यालय, डोर मुकाममा सर्वसम्मत अनुरोध गर्ने । | |

**राजमती ईङ्गनाम**
**गाउँपालिका अध्यक्ष**

| | | | | | |
|---|---|---|---|---|---|
